सम्पर्क नं. – ०२१-४१४०५१,४१४०

# रतुवामाई नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

सिजुवा, मोरङ, प्रदेशनं १, नेपाल

प.सं. – २०७७/०७८
च.नं.- 629

मिति : २०७७/०९/०२

श्री वडा कार्यालयहरु सबै,
रतुवामाई नगरपालिका ।

बिषयः- कार्यदलमा नाम समावेश नभएका घाईतेहरुको विवरण उपलब्ध गराउने सम्बन्धमा ।

प्रस्तुत बिषयमा जिल्ला प्रशासन कार्यालय,मोरंगको च.नं.२८७७ मिति २०७७/०८/२४ को पत्र यसै पत्र साथ संलग्न गरि पठईएको छ, पत्रानुसार माग भएको विवरण २०७७ साल पुष महिना १० गते भित्र यस नगरपालिकाको कार्यालयमा अनिवार्य उपलब्ध गराईदिनुहुन अनुरोध छ ।

.............................
नीता सिग्देल
लेखा अधिकृत

नीता सिग्देल
लेखा अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
मोरङ्ग, विराटनगर

प.सं.- प्र.०७७/७८
च.नं.:- 2866

मिति :२०७७/०८/२४

**विषय : कार्यदलमा नाम समावेश नभएका घाईतेहरुको विवरण संकलन सम्बन्धमा ।**

श्री स्थानीय तह सबै,
मोरङ ।

नेपाल सरकारले सशस्त्र द्वन्द्व, जनआन्दोलन तथा मधेश आन्दोलनहरुमा भएका घाईते अपाङ्गहरुको विवरण संकलन एवं पहिचान गर्न विभिन्न मितिमा कार्यदलहरु गठन गरी उक्त कार्यदलहरुले प्रतिवेदन पेश गरेका तथा कार्यदलले गरेको सिफारिसका आधारमा आर्थिक सहायता तथा जीवन निर्वाह वृत्ति उपलब्ध गराउदै आइएको छ । यसै सन्दर्भमा सशस्त्र द्वन्द्वमा घाईते भई अपाङ्गता भएका व्यक्तिहरुको अपाङ्गता प्रतिशत निर्धारण तथा पुनरावलोकन कार्यविधि, २०७४ को दफा ३ बमोजिम मिति २०७६ असार २७ गते सूचना प्रकाशन गरी सशस्त्र द्वन्द्व, जनआन्दोलन र मधेश आन्दोलनका घाईतेहरुका निवेदन सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट संकलन गरी घाईते/अपाङ्गता प्रतिशत निर्धारण एंव पुनरावलोकन गरी केन्द्रीय अनुमोदन समितिबाट अनुमोदन गर्ने कार्य भई सोही प्रतिशतका आधारमा जीवन निर्वाह वृत्ति उपलब्ध गराइएको छ ।

यद्यपि कतिपय घाईते अपाङ्गहरुले आफ्नो नाम कार्यदलमा छुट भएको भनी बारम्बार गुनासो गरिरहेको र विभिन्न जिल्ला प्रशासन कार्यालयहरुबाट पनि द्वन्द्वकालिन घाईते भएको तर कार्यदलमा नाम समावेश नभएको भनी लेखिआएको अवस्था छ । तसर्थ वास्तविक रुपमा माओवादी सेनाका घाईते अपाङ्ग, सशस्त्र द्वन्द्व, ऐतिहासिक जनआन्दोलन र मधेश आन्दोलनका घाईते अपाङ्गहरु पहिचान गरी उनिहरुबाट आवश्यक कागजात सहित निवेदन संकलन गरी एकमुष्ठ विवरण पठाउनुहुन भनी गृह मन्त्रालयबाट लेखि आएको हुदाँ तहाँ स्थानीय तहमा यस प्रकारका व्यक्तिहरु रहेका भए सम्बन्धित व्यक्तिहरुलाई यही मिति २०७७/०९/१५ गते भित्र यस कार्यालयमा आवश्यक कागजात सहित निवेदन पेश गर्नु हुन भनी जानकारी गराइदिनु हुन अनुरोध छ ।

............................
(कोशहरि निरौला)
प्रमुख जिल्ला अधिकारी

प्रमुख जिल्ला अधिकारी

9909
2066/8/2